# आदर्श कोतवाल गाउँपालिका बाराको

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण रणनितिको योजना २०७९

मधेश प्रदेश, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मुजेलिया, जनकपुरधाम, धनुषा

## Contents


**१.पृष्ठभूमि** .......... 2

१.१ नगरपालिको परिचय .......... 5

१.२ रणनितिको योजनाको आवश्यकता किन ? .......... 6

**२. अवस्था विश्लेषण** .......... 7

२.१ SWOT विश्लेषण .......... 8

२.२ सरोकारवालको पहिचान .......... 12

**२.३ लक्षित समुहको पहिचान** .......... 13

**४.दिर्घकालिन सोच** .......... 14

**५.ध्येय** .......... 14

**६.लक्ष्य** .......... 14

**७.उद्देश्य** .......... 14

**८.रणनितिहरु** .......... 14

**८.रणनितिक क्रियाकलापहरु** .......... 16

**९.वित्त व्यवस्थापन** .......... 24

**१०. कानुनी व्यवस्था** .......... 24

**११. रणनिति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व** .......... 25

**१२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था** .......... 26

**१३.जोखिम** .......... 27

१३.१ संभाव्य जोखिम .......... 27

निश्कर्ष .......... 28

## १.पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

नेपालको संविधान २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ। नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ। धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरि सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ । यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट उल्लेख गरेको छ ।

नेपालको संविधानले महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आप्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गित तथा सामाजिक समावेशिकरणलाइ जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउंपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धि स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ । त्यस्तै उक्त ऐनकोदफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा

प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ ।

त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गित तथा सामाजिक समावेशिकरण नितिहरुलाइ कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका “लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५” (मस्यौदा), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको“स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६”, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको“राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४” (मस्यौदा), शहरी विकास मन्त्रालयको “लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०” आदि जस्ता लैससास नीति तथा मार्गदर्शन तयार गरिएको छ ।

आदर्श कोतवाल गाउँपालिकामा लैगिक तथा समाजिक समावेशिकरण सम्विन्धत सवाल र समस्याहरु अत्यन्त नै जटिल रुपमा देखिन्छन् । समावेशि नितिको प्रावधान अनुसार निर्वाचित महिला प्रतिनिधिहरुको आवाजहरु निति तथा कार्यक्रमहरुमा समावेश भएका छैनन् । महिला, दलित तथा विपन्न वर्ग प्रति हेराइ परम्परागत नै रहेको छ । कतिपय सवालमा समावेशका नितिहरु नै आवश्यक नै नभएका सम्मको विषय जनप्रतिनिधिहरुको रहेको बुझाइ रहेको छ । महिला हिसा, दहेज प्रथा बालविवाह जस्ता समस्याहरु समाजमा यथावत रहेका छन् । विपन्न वर्गका बालबालिकाहरु विद्यालय नजाने र गएपनि विचैमा छोड्ने प्रवृतिहरु रहेको देखिन्छ । अधिकाश परिवार गरिबीको रेखामूनि रहेको हुदा जिविकोपार्जनको समस्याले आर्थिक शसक्तिकरणको पाटो अझेलमा परको छ । पालिकामा न्यून आयस्रोत भएका दलित परिवारहरुको अवस्था झनै दयनिय रहेको छ । पालिकामा लैससास सम्बन्धि क्षमताको विकासका कार्यक्रमहरु सञ्चालन भएका छैनन् । कर्मचारीहरुलाइ पनि लैससास सम्बन्धि कुनै अभिमुखिकरण गरिएको छैन विपन्न वर्गहरुलाइ केहि सिपमूलक तालिम पनि सञ्चालन भएको देखिन्छ । नयाँ जनप्रतिनिधिहरुलाइ पहिला भएका कुनै पनि कार्यक्रमको वारेमा जानकारी छैन भने कर्मचारीको तहबाट पनि त्यस विषयमा थप कुनै जानकारी प्राप्त भएन ।

## १.१ गाउँपालिको परिचय

आदर्शकोतवाल गाउँपालिका प्रदेश नं. २ अर्न्तगत बारा जिल्लामा अवस्थित रहेको छ । साविक ५ गाविसहरु समावेश गरी बनेको यस गाउँपालिकामा ८ वडाहरु रहेका छन्। बारा जिल्लामा विद्यमान २ उप महानगरपालिका, ५ नगरपालिका र ९ गाउँपालिका गरि १६ स्थानीय तह

मध्ये आदर्श कोतवाल गाउँपालिका एक हो । यस गाउँपालिकाको कार्यालय साविकको वडा नं. १ चिउटाहामा रहेको छ । नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने नारायणी अञ्चलको बारा जिल्लामा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि ४ निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको ८ निर्वाचन क्षेत्र मध्ये नं. १ ख मा पर्दछ । यस गाँउपालिका बारा जिल्लाको सदरमुकाम कलैया देखि १८ किमी पुर्व दक्षिण रहेको छ । यस गाँउपालिका पुर्वमा रौटहट जिल्ला, पश्चिममा पचौरता नगरपालिका, उत्तरमा बारागढी गाँउपालिका र दक्षिणमा सिम्रौनगढ नगरपालिका सँग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफल १२७२.४९ वर्ग कि.मी. मध्ये आदर्श कोतवाल गाँउपालिकाले कुल क्षेत्रफल ३६.२४ वर्गा कि.मी. ओगटेको छ । (*गाउँपालिको प्रोफाइलबाट साभार)*

पालिकाको कुल जनसंख्या २४४५७ मध्ये पुरुष १३१७९, महिला ११२७२ र लिङ्ग पहिचान नभएको ६ जना रहेका छन् ।[ज्ञ] जातिय हिसाबले हेर्दा तराइ अन्यको जनसंख्या १३२५९, मुस्लिम ३८२६, तराइ दलित २३७५, पहाडि दलित ५८, तराइ आदिवासी जनजाति ४२८१, पहाडी आदिवासी जनजाति १९, तराइ ब्राम्हण १८४ र बाकि अन्यको जनसंख्या रहेको छ । गाउँपालिका भित्र बोलिने मातृभाषाहरु मध्ये सवैभन्दा बढी भोजपुरी भाषामा २३९.५९ प्रतिशत रहेको छ भने कम बोलिने मातृभाषहरुमा उपलब्ध नभएको जातजाति २.०८ प्रतिशत ले बोल्ने गरेको देखिन्छ । धार्मिक हिसाबले यस गाउँपालिका भित्र सबैभन्दा हिन्दु धर्म मान्नेहरु .२०३५२ वा २०३.५ प्रतिशत रहेका छन्। त्यसैगरि, इस्लाम र बौद्ध धर्म मान्नेहरुको जससंख्या क्रमशः ३७८९ र २५ जना रहेको देखिन्छ । गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खालका अपांगता भएका कूल ५३० व्यक्तिहरु मध्ये सबैभन्दा उच्च शारीरिक अपांगता भएकाहरुको संख्या १४२ रहेको छ भने अन्यहरुमा दृष्टि विहिन, सुस्त श्रवण, र बौद्धिक अपांगको संख्या क्रमशः २४, ३४ र १५ रहेको देखिन्छ । बिशेष गरी तराइ तथा शहरी क्षेत्र भित्र विद्यमान अवस्थामा सुकुम्बासी परिवारहरुको बस्ती धेरै रहेको पाइन्छ । यस गाउँपालिका भित्र पनि सुकुम्बारीको संख्या धेरै नै रहेको छ । जम्मा ३९३ घर परिवार सुकुम्बासी मध्ये वडा नं.६ मा सबै भन्दा बढी २०० परिवार छन भने वडा नं. ४ मा १०० घरधुरी तथा अन्यमा सो भन्दा कम संख्यामा छन ।

## १.२ रणनितिको योजनाको आवश्यकता किन ?

लैङ्गिक विभेद, सबै प्रकारमा जातिय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था नेपालको संविधानको प्रस्तावन मानै गरेको छ । त्यस्तै गरि महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले व्यवस्था गरेको लैङ्गिक समता तथा सामाजिक समावेशिकरणका विषयहरुलाई कार्यान्वयन गर्नको लागि रणनितिको योजना आवश्यक भएको छ

[ज्ञ] पालिकाले पालिको प्रोफाइलमा उपलब्ध जनसंख्या विवरणमा गल्ती भएको र त्यसलाइ सच्चाउन आवश्यक रहेको पालिकाका सुचना तथा प्रविधि अधिकृतले उल्लेख गरे।


- केन्द्रिय सरकारबाट जारी भएका लैससास सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा लैससास सम्वोधन गर्ने गरी लैससास अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले
- महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले
- लैससाससको कार्यान्वयन तहमा आएका चुनौतिहरु सामना गर्नको लागि यो रणनितिको आवश्यक रहेको छ ।
- स्थानीय आवश्यकता अनुसार लैससको सवाल, समस्या पहिचान गरि सोहि अनुरुप निराकरण गर्नेको लागि
- विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले
- राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागु भएता पनि प्रतिफल हासिल गर्नेतर्फ पूर्ण प्रतिवद्धताको कमी भएकाले
- गाउँपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले
- गाउँपालिकाभित्र कार्यरत सरकारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

## २. अवस्था विश्लेषण

रणनिति योजना तर्जुमा गर्नु अगाडि एउटा कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलमा उप प्रमुखको संयोजकता एक जना दलित, एक जना महिला र बाकि कार्यपालिका सदस्य पुरुष रहेका थिए । पालिकाको समग्र रुपमा लैससको अवस्था कस्तो छ भन्ने थाहा पाउनको  कार्यदलसगँ अन्तरक्रिया र  तिन तहमा रहेर अवस्थाको विश्लेषण गरिएको थियो । पहिलो तहमा SWOT गरिएको थियो । जसमा योजना, कार्यक्रमको कार्यान्वयन योजनामा सहभागिता, लाभमा न्यायोचित वितरण जस्तो विषयहरु समावेश गरिएको थियो । दोस्रो तहमा लैससास सम्बन्धि काम गर्ने सरोकार निकायहरुको विश्लेषण गरिएको थियो भने तेस्रो तहमा पालिकामा रहेका लक्षित वर्गहरुको पहिचान गरिएको थियो ।

## २.१ SWOT विश्लेषण

SWOT विश्लेषण गर्दा मुख्य पाँच क्षेत्रलाइ आधारमा मानिएको थियो । जुन निम्न प्रकारको रहेको छ ।




- निति, कानुन र योजना
- संस्थागत व्यवस्था
- मानव संसाधन तथा क्षमता विकास
- सेवा प्रवाह
- शुसासन तथा उतरदीयत्व

यि पाँच क्षेत्रलाइ आधार मानि २१ वटा उपशिर्षक रहेर SWOT को विश्लेषण गरिएको थियो। २२  वटा उपशिर्षक निम्न अनुसार रहेका छन्

- निति कानुनमा समावेशिता/सहभागिता

- योजना तर्जुमा तथा कार्यान्वन
- बजेट तर्जुमा तथा कार्यान्वयन
- कर्मचारी, पदाधिकारीहरुको प्रतिनिधित्व
- कार्यप्रणाली समावेशि
- समिति उप समिति र कार्यदलमा प्रतिनिधित्व
- वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
- तथ्यांक सकल्न तथा व्यवस्थापन
- मानव संसाधन तथा क्षमता विकास
- अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
- कानुनी साक्षरता
- विपद व्यवस्थापन समावेशिता
- पूर्वाधार विकास
- प्रजनन् स्वास्थ्य
- शिक्षा कार्यक्रम
- खानेपानी र सरसफाई
- स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
- शुशासन
- उतरदायित्व र जवाफदेहिता
- सुचना तथा संचार
- अनुगमन तथा मूल्यांकन
- समन्वय र सम्बन्ध विस्तार

यि पाँचवटा मुख्य शिर्षक र २१ वटा उपशिर्षकमा राखेर हेर्दा यसपालिको सबल पक्षहरु निम्ननुसार रहेका छन्

- सुकुम्बासी परिवारलाइ पालिकाले घर बनाइ बसोबास गराएको
- द्वन्द पिडितलाइ राहतको व्यवस्था गर्दै आएको छ ।
- जेष्ठ नागरिकहरुलाइ भजन कृतन गर्न आवश्यक सामग्री वितरण गरिएको
- सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रियामा सहजता लिएको छ ।
- एकल महिललाए राहत स्वरुप कम्मल, झुल वितरण गरिएको छ ।
- महिलालाइ सिपमूलक तालिम अन्तर्गत सिलाइ बुनाई, मैनबत्ति बनाउने तालिम प्रदान गरिएको थियो ।
- अपांगता भएका व्यक्तिका लागि पाङग्रे साइकल वितरण र दृष्टिविहिनको लागि सेतो छडि वितरण गरिएको थियो ।
- समय समयमा गरिब परिवारलाइ चामल, दाल, नुन, तेल जस्ता राहत प्याकेज वितरण गर्ने गरिएको
- पालिकामा सञ्चालित अन्य कार्यक्रम मार्फत गर्भवति महिलालाइ अण्डा र दुध समय समयमा वितरण गर्ने गरिएको
- लक्षित वर्गका बालबालिकालाइ निशुल्क भर्ना अभियान सञ्चालन
- प्रकृति प्रकोपबाट प्रभावित लक्षित समुदायलाइ पालिकाल् रकम विनियोजन गर्ने गरेको

त्यस्तै कमजोरी पक्ष वा सुधार गनुपर्ने पक्षमा निम्न विषयहरु रहेका छन

- पालिकाको वार्षिक निति तथा कार्यक्रममा समावेशिका विषय नगन्य रुपमा मात्रै समावेश हुनु
- पालिकाका कर्मचारी तथा जनप्रतिनिधिमा समेत लैससासको बुझाइमा एकरुपता नहुनु
- लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण नभएको
- लक्षित वर्गको खण्डिकृत सूचना सकंलनको व्यवस्था नभएको
- स्थानीय तहको निति तथा कानुनहरु लैससास अनुसार कुनै पनि तयार नभएको ।
- महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना नभएको
- लैससासको शिर्षकमा राहत वितरणका कार्यक्रमलाइ मात्रै जोड दिइएको
- कुल पुजीगत खर्चको निश्चित प्रतिशत लैससासमा खर्च गर्ने व्यवस्था नहुनु
- लैससास अनुसार अचारसहिंता बनाइ लागु नभएको
- लक्षित समुदाय, पदाधिकारी र कर्मचारीलाइ लैगिक हिंसा निर्वारण सम्बन्धि तालिम सञ्चालन नभएको

- तालिम कार्यक्रको नगन्य बजेट विनियोजन हुने गरेको
- स्थानीयतहमा मानव संसाधन विकास केन्द्रको व्यवस्थापन नभएको
- स्थानीय शिक्षित र सरकारी सेवा गर्ने चाहाने युवाहरुलाइ लक्षित गरि लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन गर्ने नगरिएको
- पदाधिकारी र कर्मचारीलाइ वेइजिङ्ग घोषणपत्र समेटेर अभिमुखिकरण गर्ने नगरिएको
- महिला तथा समावेशि समुहबाट निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरुलाइ स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन, कर्मचारी समायोजन ऐन मूलुकी सहिताहरु, विषयगत कानुनहरुको अभिमुखीकरण गर्ने कार्यक्रम सञ्चालन नभएको
- कानुनको मस्यौदा तयार सम्बन्धि तालिम कार्यपालीका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखलाइ प्रदान नगरिएको
- महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन नगरिएको
- लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना नभएको
- भवन अचार सहिता बनाउदा लैससास मैत्री बनाउने विषयलाइ प्राथामिकतामा नराखिएको
- महिलालाइ स्वास्थ्य सुधार कार्यक्रम अन्तरगत निशुल्क पाठेघरको परिक्षण, स्तन क्यान्सर परिक्षण गर्ने कार्यक्रम नभएको
- किशोर किशोरीलाइ यौन स्वास्थ्य शिक्षा प्रदान गर्ने कुनै कार्यक्रम नभएको
- छात्राहरुको लागि सेनेटरी प्याड र साबुनको व्यवस्था विद्यालयमा नगरिएको
- स्वरोजगार तथा वैदेशिक रोजगारमा जानेको लागि अभिमुखीकरण कक्षा सञ्चाल गर्ने
- स्थानीय तहको जनप्रतिनिधिहरुको आचार सहितातय गरि कार्यान्वयन नगरिएको

लैससास सम्बन्धि पालिकामा धेरै विषयहरु समावेश गर्नु पर्ने देखिन्छ। लैससासको विषयमा पालिका तहमा गम्भिर समिक्षा गर्नु पर्ने आश्यकता रहेको छ। तथापि यसका केहि अवशरहरु पालिका रहेका छन्।

- सघिय सरकारबाट लैससास सम्बन्धि विभिन्न निर्देशिकाहरुतय भइसकेको हुदा त्यसको कार्यान्वयन पक्षमा जोड दिए मात्रै पुग्ने अवस्था रहेको छ।
- पालिको आफ्नै बजेटबाट लैससासमा खर्च गर्ने सकिने अवशर रहेको छ।
- नया पदाधिकारीहरु भएको हुदा काम गर्ने प्रतिवद्धता भएको देखिन्छ।
- मधेश प्रदेश र यस अन्तर्गत रहेका मन्त्रालयहरुबाट पनि लैससासमा आवश्यक सहयोग प्राप्त गर्न सक्ने सम्भावना रहेको छ।

- स्थानीयतहमा लैससासरगँ सम्बन्धित गैर सरकारी संस्थाहरु कार्यरत रहेको हुदा ति संस्थासगँ समन्वय गरि यसलाइ अगाडि बढाउन सक्ने सम्भावना रहेको छ ।

लैससास कार्यान्वयनका निम्न लिखित चुनौतीहरु विध्यमान रहेका छन्

- परम्परागत मूल्य र मान्यता भएको समाज  हुदा परिवर्तन गर्ने सहज नहुने देखिन्छ
- कतिपय अनौपचारिक नेतृत्वहरुलाइ यस विषयमा जानकारी नहुदा ति बाट पनि चुनौती आउन सक्ने देखिन्छ ।
- लक्षित वर्गले पनि राहत कार्यक्रमलाइ नै बढि रुचाहिने हुदा यसबारेमा शसक्तीकरण गर्न खोज्दा समस्या आउन सक्ने देखिन्छ ।
- सिमित स्रोत भएकोले वितरणमा समस्या हुने देखिन्छ ।
- परम्परागत मूल्यमान्यता र कुसंस्कारले गर्दा लैससासको कार्यक्रमहरुलाइ सफलता पूर्वक सम्पन्न गर्न चुनौति आउन सक्ने
- सरोकारवाला निकायको विच बुझाइका एकरुपता नहुदा चुनौति आउने  सक्ने
- भौतिक विकासलाइ मात्रै विकास ठान्ने प्रवृतिले यस्ता शसक्तीकरण र विभेद विरुद्ध कार्यक्रमले कम प्राथामिकता पाउन सक्ने खतरा हुनु

## २.२ सरोकारवालको पहिचान

लैससगँ सम्बन्धि यस पालिकामा रहेका सरोकारवाला निकायहरुलाइ तिन तहमा राखेको छ । पहिलो तहमा  नजिक र प्रत्यक्ष रुपमा लैसस सम्बन्धित निकायहरु रहेका छन् भने दोस्रो तहमा स्थानियस्तरमा कार्यरत विभिन्न सघसस्था, समुह, नेटवर्कहरु रहेका छन् भने तेस्रो तहमा पालिकाबाट दुरीको हिसावका टाढा रहे पनि समय समय सम्पर्क गरिरहने प्रदेशस्तरिय  निकायहरु रहेछ छन् । जसलाइ तलको तालिकामा उल्लेख गरिएको छ ।

| **प्रत्यक्ष सरोकार राख्ने निकाय** | **दोस्रो तहको सरोकार राख्ने निकाय/सस्था** | **तेस्रो तहको रुपमा प्रदेशस्तरसम्म सरोकार राख्ने निकाय/सस्था** |
| --- | --- | --- |
| • महिला तथा बालबालिका शाखा<br>• योजना शाखा<br>• शिक्षा शाखा<br>• स्वास्थ्य शाखा | • विद्यालय<br>• आमा समुह<br>• महिला कृषि समुह<br>• सहकारी सस्था | • मधेश प्रदेश अनुसंन्धान तथा प्रशिक्षण केन्द्र<br>• प्रदेश योजना आयोग |

| | | |
|---|---|---|
| • प्रशासन शाखा<br>• सबै वडा कार्यालयहरु<br>• न्यायिक समिति<br>• गाउँसभा | • विभिन्न लघुवित्त सस्थाहरु<br>• आसमान गैर सरकारी संस्था<br>• जिल्ला प्रहरी कार्यालय<br>• बालक्लब<br>• स्वास्थ्य चौकी<br>• उपभोक्ता समुह | • प्रदेश मुख्य मन्त्रि तथा मन्त्रिपरिपदको कार्यालय मधेश प्रदेश<br>• प्रदेश मानव अधिकार आयोग<br>• प्रदेश अन्तर्गत लैससासमा काम गर्ने निकायहरु |

## २.३ लक्षित समुहको पहिचान

विभिन्न जातजातिको बसोबास गर्न यस पालिकामा चौधरीहरुको वाहुल्यता रहेको छ । यसमा यस पालिकामा लैससको दृष्टिकरणले निम्न लिखित लक्षित वर्गहरु रहेका छन्

- पहिचान भएका गरिब घरधुरी
- विद्यालय नजाने बालबालिका
- अपांगता
- सिमान्तकृत किसान
- तराई दलित
- विपन्न वर्ग
- सुकुम्बासी
- घरेलु हिसा पिडित महिला

यस विश्लेषण खण्डबाट पालिकामा लैससासको दृष्टिकरणबाट सवल पक्षहरु, अवशरहरु तथा कमजोरी र चुनौतीहरु के के रहेछन् भन्ने प्रष्ट भएको छ । साथै पालिकामा लैससाससँग सम्बन्धित प्रत्यक्ष सरोकारवाला निकायहरुको पनि सहभागितात्मक विधिबाट पहिचान भएको छ । यस पालिकामा लक्षित वर्गहरु को को रहेछन् भन्ने पनि पहिचान भयो । यि सबैको आधारमा आप्नो दिंघ कालिन परिकल्पना तयार गरेको छ

## ४.दिर्घकालिन सोच
लैगिंक तथा सामाजिक समावेशियुक्त पालिका

## ५.ध्येय
लैगिक तथा सामाजिक समावेशिको माध्यमबाट समतामूलक समाज निर्माण

## ६.लक्ष्य
[६] सामाजिक रुपमा वञ्चितमा परेका वर्गको लैगिंक तथा सामाजिक समावेशिका सबै आयममा पहुँच र नियन्त्रण अभिवृद्धि गर्नु

## ७.उद्देश्य
१. निति, योजना र कार्यक्रममा लक्षित वर्गलाइ समावेश गर्ने

२. लैससास अनुसार संस्थागत सुशासन अभिवृद्धि गर्ने

३. महिला, लक्षित वर्ग र सिमान्तकृत समुहलाइ शशक्तिकरण गरि आर्थिक ,सामाजिक र राजनैतिक क्षेत्रम पहुच र नियन्त्रण अभिवृद्धि गर्ने

४. अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरि उनीहरुको व्यवहारमा परिवर्तन गर्ने

५. बालबालिकाको सर्वाङ्गिण विकासको लागि बालअधिकारको सुनिश्चिता गर्ने

६ योजना तर्जुमका सबै चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्यांकन गर्ने र यसलाइ सस्थागत गर्दै लैजान

## ८.रणनितिहरु
माथिको उद्देश्य पुरा गर्नेको लागि विभिन्न रणनितिहरु अपनाइनेछ । यि रणनितिहरु विशेष गरेर पालिकाको संस्थागत संरचना लैससासमय बनाउन जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने विषयमा पनि जोड दिइएको छ । लैससासका नितिहरु तर्जुमा गरि त्यसको कार्यान्वयन गराउने विषयहरु पनि समावेश गरिएको छ। पालिका तहमा रहेका लक्षित वर्गले भोगेका समस्या र सवालहरूको पहिचान गर्ने, उनीहरुलाई शशक्तिकरण गर्ने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने आय आर्जनका क्रियाकलापमा लक्षित वर्गको सहभागिता बढाउने, पालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाइ पारदर्शि र जवाफदेहि बनाउने विषयमा केन्द्रित रहेका छन् । साथै सामाजिक कुरीति विरुद्धको जनचेतना र यस सम्बन्धि

---

[६] पालिकाको सन्दर्भमा लक्षित वर्ग भन्नाले विद्यालय नजाने बालबालिका वा पढाइ विचमा छोड्ने बालबालिका, सिमान्तकृत किसानहरु, शिक्षित वेरोजगारा युवाहरु, विपन्न दलित परिवारहरु, लैगिंक हिंसामा परेका महिलाहरु, जग्गा जमिन नभएका घरधुरीहरु, अपांग भएका व्यक्तिहरु, सामाजिक रुपमा वञ्चितमा परेका दलित समुदायहरु रहेका छन् ।

कानुनको प्रभावकारी कार्यान्वयनको विषयलाइ पनि जोड दिईएको छ । महिला, विपन्न, दलित, अपांग, अल्पसंख्यक, सुकुम्वासी, महिला हिंसामा परेका महिलाहरु, यौनिक अल्पसंख्यकको आर्थिक, सामाजिक, राजनैतिक अधिकारको सुनिश्चि गराउनको लागि रणनितितय गरिएका छन् ।

उद्देश्य १ सगँ सम्बन्धित रणनिति

१.१ समावेशि नितिहरु तर्जुमा गरिनेछ ।

१.२ पालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ

१.३ एकल महिला तथा जेष्ठ नागरिकलाइ सामाजिक सुरक्षा मार्फत उनीहरुको अधिकारलाइ सुनिश्चिता प्रदान गरिनेछ ।

उद्देश्य २ सग सम्बन्धित रणनिति

२.१ कर्मचारीहरुको तथा कार्यपालिका दलित सदस्य महिला सदस्य तथा लक्षित सदस्यहरुलाई क्षमता अभिवृद्धि गरिनेछ

२.२ आवश्यक प्रणालीको विकास गरि सेवा प्रवाहलाइ छिटो, छरितो र पारदर्शि बनाइनेछ ।

उद्देश्य ३ सगँ सम्बन्धित रणनितिहरु

३.१ सहभागितात्मक विधिबाट लक्षितवर्गको पहिचान गर्ने रणाीति अपाइनेछ

३.२ आर्थिक, सामाजिक र राजनैतिक रुपमा शसक्तिकरण रणाीति अपनाइनेछ

उद्देश्य ४ सगँ सम्बन्धित रणनिति

४.१ परिवारका महिला र पुरुष दुवैलाइ सहभागि गराइ लैगिंक सम्वेदनशिला वारेमा महसुसीकरण गराइनेछ

४.२ सिकाइ अध्ययन र अवोलकनबाट सामाजिक कुसंस्कारलाइ न्यूनिकरण गरिनेछ

४.३ सामाजिक कुसंस्कार विरुद्धमा बनेका कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ

उद्देश्य ५ सगँ सम्बन्धित रणनिति

५.१ बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नेको लागि बालक्लब मार्फत सचेतनाको अभियान सञ्चालन गरिनेछ

५.२ बालक्लब मार्फत बालविवाह र दहेज प्रथा हटाउन सडक नाटक,बाल र्‍याली, अभिभाव शिक्षक अन्तक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

उद्देश्य छ सग सम्बन्धित रणनिति

६.१ निति निमार्ण  तथा निर्णायक तहमा पहुच नभएका लक्षितवर्गहरु अर्थपूर्ण सहभागिता वृद्धि गरिन

६.२ टोलस्तरबाट योजना तर्जुमा चरणमा अर्थपूर्ण सहभागितालाइ सुनिश्चि गर्ने भएको संरचनालाइ शशक्त बनाइनेछ ।

## ८.रणनितिक क्रियाकलापहरु

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | १. निति योजना र कार्यक्रममा लक्षित वर्गलाइ समावेश गर्नु | १.१ समावेशि नितिहरु तर्जुमा गरिनेछ ।<br>१.२ पालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ | १.१.१ समावेशी निति तर्जुमा गर्नेको लागि निति मसौदा समितिको गठन गर्ने<br>१.१.२ लैससास अनुरुप भएका नितिको समिक्षा र नया नितिहरु तर्जुमा गर्ने<br>१.१.३ निति तथा कानुनको मसौदा तयारी सम्बन्धि कर्मचारीहरुलाइ अभिमुखिकरण गर्ने<br>१.२.१ उपभोक्ता समिति गठन गर्दा कम्तिमा ५० प्रतिशत | समावेशी निति तर्जुमा गर्नेको लागि निति मसौदा समितिको गठन गरिनेछ<br><br>लैससास अनुरुप भएका नितिको समिक्षा र नया नितिहरु तर्जुमा भएको हुने<br><br>निति तथा कानुनको मसौदा तयारी सम्बन्धि कर्मचारीहरुलाइ अभिमुखिकरण सञ्चालन भएको हुने |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | महिला वा दलित वा विपन्न वर्गलाइ अनिवार्य सहभागि गराउने<br>१.२.२ कुल पुजीगत खर्चको निश्चित प्रतिशत खर्च लैससासमा गर्ने<br>१.२.३ लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण गर्ने<br>१.२.४ लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना गर्ने | उपभोक्ता समिति गठन गर्दा कम्तिमा ५० प्रतिशत महिला वा दलित वा विपन्न वर्गलाइ अनिवार्य सहभागि भएको हुने<br>कुल पुजीगत खर्चको निश्चित प्रतिशत खर्च लैससासमा विनियोजन भएको हुने<br>लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण भएको हुने<br>लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना गरिएको हुने |
| | | १.३ एकल महिला तथा जेष्ठ नागरिकलाइ सामाजिक सुरक्षा मार्फत उनीहरुको अधिकारलाइ सुनिश्चिता प्रदान गरिनेछ । | १.३.१ एकल महिलालाइ आयआर्जन कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउने<br>१.३.१ जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>१.३.२ अन्तर पूस्ता संवाद कार्यक्रम बाजे र नाति सञ्चालन गर्ने | एकल महिलालाइ आयआर्जन कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध भएको हुनेछ<br>पालिका तहमा जेष्ठ नागरिक सम्मान क्रियाकलापहरु सञ्चालन भएको हुन्छ<br>अन्तर पूस्ता संवाद कार्यक्रम बाजे र नाति सञ्चालन गरिएको हुन्छ । |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | २. लैससास अनुसार संस्थागत सुशासन अभिवृद्धि गर्ने | २.१ कर्मचारीहरुको तथा कार्यपालिका दलित सदस्य महिला सदस्य तथा लक्षित सदस्यहरुलाई क्षमता अभिवृद्धि गरिनेछ | २.१.१ समावेशि कोटामा कार्यपालीकामा चयन भएका सदस्यहरु, वडातहका समावेशिबाट चुनिएका सदस्यहलाइ लैससास सम्बन्धि अभिमूखिकरण गराउने<br><br>२.१.२ कार्यपालीका सदस्यहरुलाइ संस्थागत कार्यप्रणाली सम्बन्धि अभिमूखिकरण गराउने | समावेशि कोटामा कार्यपालीकामा चयन भएका सदस्यहरु, वडातहका समावेशिबाट चुनिएका सदस्यहलाइ लैससास सम्बन्धि अभिमूखिकरण सञ्चालन भएको हुनेछ ।<br><br>कार्यपालीका सदस्यहरुलाइ संस्थागत कार्यप्रणाली सम्बन्धि अभिमूखिकरण गरिको हुनेछ । |
| | | २.२ आवश्यक प्रणालीको विकास गरि सेवा प्रवाहलाइ छिटो, छरितो र पारदर्शि बनाइनेछ । | २.२.१ संस्थामा सेवा प्रवाह सम्बन्धि गुनासो सुनवाइ प्रणाली विकास गर्ने<br><br>२.२.२ कार्यक्रमहरुको सामाजिक लेखापरिक्षण तथा सार्वजनिक सुनाइका कार्यक्रमहरुको आयोजन गर्ने<br>२.२.३ सेवा प्रवाह गर्दा लक्षित वर्गलाइ प्राथामिकतामा राख्ने<br><br>२.२.४ अपांग मैत्री भवन, शौचालयको निर्माण गर्ने | संस्थामा सेवा प्रवाह सम्बन्धि गुनासो सुनवाइ प्रणाली विकास गरिनेछ ।<br>कार्यक्रमहरुको सामाजिक लेखापरिक्षण तथा सार्वजनिक सुनाइका कार्यक्रमहरुको आयोजन गरिनेछ<br><br>सेवा प्रवाह गर्दा लक्षित वर्गलाइ प्राथामिकतामा राखीने निति तर्जुमा भएको हुनेछ ।<br><br>नरपालीकाले सार्वजनिक भवन निर्माण गर्दा अपांगमैत्री निति लागु गरिएको हुनेछ । |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | | |
| | ३ महिला, लक्षित वर्ग र सिमान्तकृत समुहलाइ शशक्तिकरण गरि आर्थिक ,सामाजिक र राजनैतिक क्षेत्रम पहुच र नियन्त्रण अभिवृद्धि गर्ने | ३.१ सहभागितात्मक विधिबाट लक्षितवर्गको पहिचान गर्ने रणाीति अपाइनेछ<br><br>३.२ आर्थिक, सामाजिक र राजनैतिक रुपमा शसक्तिकरण रणाीति अपनाइनेछ | ३.१.१ प्राथामिकता निर्धारण गरि सेवा उपलब्ध गराउने<br><br>३.२.१ महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना<br>३.२.१ लक्षित वर्गको लागि पालिकाले जग्गा भाडा लिइ सामूहिक खेती प्रणालीलाइ प्रोत्साहित गर्ने<br><br>३.२.२ लक्षित वर्गको सहकारी स्थापना गरि बजारसम्म उत्पादन पुराउने व्यवस्था गरिनेछ ।<br><br>३.२.३ स्थानीय बजार आवश्यकता अनुरुप सिप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने<br>३.२.४ वैदेशिक रोजगारमा जानेको लागि सिपमूलक तालिम सञ्चालन गर्ने | प्राथामिकता निर्धारण गरि सेवा उपलब्ध भएको हुनेछ ।<br><br>महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना भएको हुनेछ<br><br><br>लक्षित वर्गको लागि पालिकाले जग्गा भाडा लिइ सामूहिक खेती प्रणालीलाइ प्रोत्साहित गरिएको हुनेछ<br>स्थानीय तहमा लक्षित वर्गलाइ समावेश गरि सहकारीको स्थापना भइ उत्पादनको विकि वितरण भएको हुनेछ<br>बजारको मागको अध्ययन गरि सो अनुसार सिप विकासका कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।<br><br>पलिकाबाट वैदेशिक रोजगारमा जानु पुर्व सिपमूलक तालिममा सहभागि भएका हुनेछन् |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | ३.२.५ आवधिक योजान तथा वार्षिक विकास कार्यक्रमा लैंगिकलैंगिकतथा सामाजिक विकासको लागि नीति रणाीति, कार्यक्रम र सोको मापनयुक्त लक्ष्य राखिने<br><br>३.२.६ स्थानीय स्तरमा लैंगिक विकास हेर्न इकाइको स्थापना गर्ने<br><br>३.२.७ लैससास अनुसार अचारसहिंता बनाइ लागु गर्ने<br><br>३.२.८ लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण गर्ने | आवधिक योजान तथा वार्षिक विकास कार्यक्रमा लैंगिकतथा सामाजिक विकासको लागि निति रणाीति, कार्यक्रम र सोको मापनयुक्त लक्ष्य राखिएको हुनेछ<br><br>स्थानीय स्तरमा लैंगिकलैंगिकविकास हेर्न इकाइको स्थापना भएको हुनेछ<br><br>लैससास अनुसार अचारसहिंता बनाइ लागु भएको हुनेछ<br><br>लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण भएको हुनेछ |
| | ४.अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गर्ने | ४.१ परिवारका महिला र पुरुष दुवैलाइ सहभागि गराइ लैगिंक सम्वेदनशिला वारेमा महसुसीकरण गराइनेछ | ४.१.१ लैगिंक सम्वेदनशिला विषय समेटर परिवारका महिला र पुरुषलाइ अभिमुखिकरण गराइनेछ जस्मा कार्यबोझ विश्लेषण समेत गर्ने<br>४.१.२ कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन गर्ने | लैगिंक सम्वेदनशिला विषय समेट परिवारका महिला र पुरुषलाइ अभिमुखिकरण भएको हुनेछ ।<br><br>कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन भएको हुनेछ |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | ४.२ सिकाइ अध्ययन र अवोलकनबाट सामाजिक कुसंस्कारलाइ न्यूनिकरण गरिनेछ<br><br>४.३ सामाजिक कुसंस्कार विरुद्धमा बनेका कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ | ४.२.१ महिलाद्धारा सञ्चालित कार्यक्रम वारेमा जानकारी दिन महिला र पुरुष दुवैलाइ सिकाइ भ्रमण गराउने<br>४.२.२ महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन गर्ने<br><br>४.३.१ जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन गर्ने<br><br>४.३.२ जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि कानुनी व्यवस्था सम्बन्धि जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण गर्ने | जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ।<br>महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन भएको हुनेछ।<br><br>जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि कानुनी व्यवस्था सम्बन्धि जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण भएको हुनेछ। |
| | ५.बालबालिकाको सर्वाङ्गिण विकासको लागि बालअधिकारको सुनिश्चिता गर्ने | ५.१ बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नेको लागि बालक्लब मार्फत सचेतनाको अभियान सञ्चालन गरिनेछ | ५.१.१ बाल अधिकार सम्बन्धि अभिमुखीकरण गर्ने<br><br>५.१.२ किशोर किशोरीलाइ यौन प्रजनन् स्वास्थ्य शिक्षा प्रदान गर्ने<br>५.१.३ पालिको योजना हरेक चरणमा बालबालिका सबावलाइ | बाल अधिकार सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुनेछ।<br><br>किशोर किशोरीलाइ यौन प्रजनन् स्वास्थ्य शिक्षा प्रदान गरिनेछ। |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | सम्बोधन गर्ने उनीहरुको अर्थपूर्ण सहभागि गर्ने<br><br>५.१.४ लक्षित वर्गलाइ विद्यालय भर्ना अभियान सञ्चालन<br><br>५.१.६ छात्राहरुको लागि गुणस्तरिय सेनेटरी प्याड र साबुनको व्यवस्था प्रत्येक विद्यालयमा गर्ने | पालिको योजना हरेक चरणमा बालबालिका सबावलाइ सम्बोधन गर्ने उनीहरुको अर्थपूर्ण सहभागि भएको हुनेछ<br>लक्षित वर्गलाइ विद्यालय भर्ना अभियान सञ्चालन भएको हुनेछ ।<br>छात्राहरुको लागि सेनेटरी प्याड र साबुनको व्यवस्था प्रत्येक विद्यालयमा भएको हुनेछ । |
| | | ५.२ बालक्लब मार्फत बालविवाह र दहेज प्रथा हटाउन सडक नाटक,बाल र्‍याली, अभिभाव शिक्षक अन्तक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । | ५.२.१ स्थानिय भाषामा बालविवाह र दहेज प्रथा विरुद्ध सडक नाटक प्रदर्शन गर्ने<br><br>५.२.२ बालविवाह र दहजे प्रथा विरुद्ध प्रचारात्मक रयालीको आयोजना गर्ने<br>५.२.३ अभिभावक, शिक्षक र बालबालिका विच बालविवाह र दहेज प्रथाको विरुद्ध संवाद कार्यक्रमको आयोजना गर्ने | स्थानिय भाषामा बालविवाह र दहेज प्रथा विरुद्ध सडक नाटक प्रदर्शन भएको हुनेछ<br><br>बालविवाह र दहजे प्रथा विरुद्ध प्रचारात्मक रयालीको आयोजना भएको हुनेछ ।<br>अभिभावक, शिक्षक र बालबालिका विच बालविवाह र दहेज प्रथाको विरुद्ध संवाद कार्यक्रमको आयोजना भएको हुनेछ । |
| | ६ योजना तर्जुमका सबै चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र | ६.१ निति निमार्ण तथा निर्णायक तहमा पहुच नभएका | ६.१.१ लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम दिने | लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम सञ्चालन भएको हुनेछ |

| क.स | उद्देश्य | रणनिति | रणनिति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | मूल्यांकन गर्ने र यसलाइ सस्थागत गर्दै लैजाने | लक्षितवर्गहरु अर्थपूर्ण सहभागिता वृद्धि गरिने<br><br>६.२ टोलस्तरबाट योजना तर्जुमा चरणमा अर्थपूर्ण सहभागितालाइ सुनिश्चि गर्ने भएको संरचनालाइ शशक्त बनाइनेछ । | ६.१.२ उपभोक्ता समिति गठन गर्दा कम्तीमा एउटा मुख्य पदमा महिला तथा सिमान्तकृत वर्गको राख्ने प्रवधानको व्यवस्था गर्ने<br><br>६.१.३ पालिकाको निति मसौदा बनाउने समितिमा समानुपातिक प्रतिनिधित्व सुनिस्चितका लागी कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि अनिवार्य गराउने<br><br>६.१.४ लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन गर्ने<br><br>६.२.१ टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि गराउने<br><br>६.२.२ स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने<br>६.२.३ निरक्षर महिलाको लागि प्रौढ शिक्षा कक्षा reflective model विधिबाट सञ्चालन गर्ने | उपभोक्ता समितिमा कम्तीमा एउटा मुख्य पदमा महिला राखिएको हुनेछ<br><br>पालिकाको निति मसौदा बनाउने समितिमा कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि भएको हुनेछ ।<br><br>लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन भएको हुनेछ<br><br>टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि भएका हुनेछन्<br><br>स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन भएको हुनेछ<br>निरक्षर महिलाको लागि प्रौढ शिक्षा कक्षा reflective model विधिबाट सञ्चालन भएको हुनेछ , |

## ९.वित्त व्यवस्थापन

योजना अनुसार कार्यक्रमहरुतय गरेर मात्र नभइ त्यसको प्रभावकारी कार्यान्वयनको लागि वित्त पनि त्यति नै आवश्यक हुन्छ । उल्लेखित रणनैतिक क्रियाकलापहरु सञ्चालन गर्नको लाीग वित्तको पनि आवश्यक पर्छ। पालिकामा आप्नै स्रोत साधनहरु पर्नि रहेको हुन्छ। यसको लागि पालिकाले आफैले पनि बजेटको व्यवस्थापन गनुपर्छ। लैससास मुल प्रवाहिकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गर्नुपर्छ।

- लक्षित वर्गको विकासको लागि निश्चित प्रतिशत बजेट विनियोजन गनुपर्छ।
- लैङ्गिक उतरदायि बजेट कार्यान्वयन गरि महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिनुपर्छ
- स्थानिय स्तरमा कार्यरत लघुवित्त मार्फत लक्षित वर्गलाइ सहुलितदरमा ऋृण उपलब्ध गराउन आवश्यक समन्वय गरिनुपर्छ।
- उपभोक्ता समिति मार्फत बजेट विनियोजन गरि भौतिक पुर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ।
- पालिकामा सञ्चालन भएका विभिन्न गैर सरकारी संस्थाहरुको कार्यक्रम र बजेटलाई पालिकाको कार्यक्रम र बजेटमा समेत समावेश गरिनुपर्छ
- संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरि अधिकतम श्रोत ल्याउनु पर्छ।
- सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने
- सार्वजनिक दायित्व अनुसार निजि क्षेत्रहरुसगँ पनि आवश्यक समन्वय गरि वित्तको व्यवस्थापन गर्न सकिन्छ।

## १०. कानुनी व्यवस्था

लैससासको पालिका स्तरीय रणनिति तर्जुमा पूर्व  पालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत,कार्यपालीका सदस्य तथा सरोकारवाला निकाय अन्य प्रतिनिधिहरुलाइ अभिमूखिकरण गरिएको थियो। लैससास रणनितिक योजनातर्जुमाको लागि उपप्रमुखको संयोजकत्वमा रहेको पाँच सदस्य कार्यदले मस्यौदा तयार गरेको थियो। उक्त मस्यौदा तयार गर्ने क्रममा सहजकर्ताबाट आवश्यक सुझाव प्रदान गरिएको थियो।

यस रणाीतिलाइ कार्यान्वयनमा ल्याउनको लागि कार्यपालीकाको बैठकले अनुमोदन गर्ने छ । कार्यपालीकाले अनुमोदन गरे पश्यात यो रणाीति स्वयत कार्यान्वयनमा आउनेछ । कार्यपालीकाले अनुमोदन गरेपछि यसलाइ कार्यालयको वेभसाइटमा राखीनेछ  जसबाट सबै पक्षलाइ यसबारे जानकारी प्राप्तहोस् र कार्यान्वयन गर्न समेत सहजता हुन्छ ।

## ११. रणनिति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

यस रणनिति कार्यान्वयनको लागि पालिका प्रमुख संयोजकत्वमा गठित समितिले गर्दछ -पालिकामा सामाजिक समावेशि निति २०७८ र लैससास परिक्षण दिग्दर्शन २०७८को व्यवस्था अनुसार । समितिमा निम्न लिखित सदस्यहरु रहनेछन्

| | |
|---|---|
| गाउँपालिका/नागरपालिकाका अध्यक्ष/प्रमुख | संयोजक |
| उपप्रमुख / उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिका संयोजक | सदस्य |
| कार्यपालीका सदस्यहरु मध्यबाट कम्तीमा दूइ जना महिला सहित | |
| संयनेजकले तोकेका तिन जना | सदस्य |
| सांमाजिक संस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तिन जना | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

उक्त समितिको काम कतृव्य अधिकार निम्न अनुसार रहेको छ ।

- सामाजिक समावेशिकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने
- निति तथा रणनिति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय विच सहकार्य सहजिकरण र समवन्वय गर्ने गराउने
- सामाजिक समावेशीकरण सम्बन्धि बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम सहयोग सम्बन्धि व्यवस्था गर्ने
- सामाजिक समावेशीकरण सम्बन्धि कार्यको अनुगमन गर्ने गराउने

- सामाजिक समावेशिकरण सहयोगी नीतिहरुसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने
- सामाजिक समावेशिकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने
- वडा कार्यालयहरुमा सामाजिक समावेशिकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने
- योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजिकरण गर्ने
- सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरणललाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुराउने
- वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने
- अन्तराष्ट्रियरुपमा गरेका लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिवद्धताहरु स्थानीयस्तरमा लागु एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण,प्रोतसाहन र आवश्यक सहयोग गर्ने
- आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग जात जाति लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनिोजन भए नभएको अनुगमन गर्ने
- सामाजिक समावेशीकरण रणनिति कार्यानवयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आकलन र जोखिम सम्बोध गर्ने गराउने
- समितिको बैठक आवश्कता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

## १२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था

क. लैकिङ्ग तथा सामाजिक समावेशिकरण निर्देशिकामा उल्लेखित १०० सूचकलाइ आधार मानेर रणनितिका क्रियाकलापहरु कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।

ख. स्थानीयस्तर कार्यरत गैरसरकारी संस्थाले लैससास सम्बन्धि कार्यक्रमहरुको वार्षिक रुपमा प्राप्त उपलब्धी र समस्याहरुलाइ पहिचान सहित प्रतिवेदन पेश गर्ने निति अवलम्बन गरिनेछ।

ग. स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरुको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगम संयन्त्रको स्थापाना गरिनेछ। जसले रणनितिमा उल्लेख गरिएका क्रियाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए भएको एकिन गर्ने र सम्बन्धित

पक्षलाइ सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका क्रियाकलापहरु कार्यान्वयन कसरी भइरहेको छ सो समेत उल्लेख गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने

## १३.जोखिम

हाम्रो जस्तो देशमा  वितरणमुखि बजेट बढी लोकप्रिय छ । राजनैतिक दलका नेतृत्व तहमा भएका व्यक्तिहरुबाट समेत लैससास सम्बन्धित विषयलाइ बाध्यात्मक रुपमा बुझाइ हुदा केन्द्र देखि तल्लो तहसम्म पनि पितृसत्ता सोच हावि छ । राजनितिको केन्द्रिय तहमा दलित तथा बञ्चितिमा परेका समुहको अर्थपूर्ण सहभागिता नहुदा त्यसको असर स्थानीय तहमा पर्नु स्वाभिवक नै हो । संविधानले प्रष्ट व्यवस्था गरेका विषयलाइ समेत कार्यान्वयन ल्याउन समेत जोखिम उत्पन्न हुने गरेको छ। स्थानीय तहमा सचेतना र शसक्तीकरणको क्षेत्रमा बजेट विनियोजन नहुने जोखिम प्रसस्त मात्रमा देखिन्छ । त्यस माथि पनि आवजविहिनका विषयहरु बजेटमा समावेश हुदैनन् पनि । समाजका रहेका परम्परागतमूल्यमानताले पनि जोखिम निम्ताउन सक्दछ। मधेशमा पनि विशेष गरेर जातिय छुवाछुत प्रथा, सानो उमेरका विवाह गर्ने परम्परागत संस्कृति आदिले गर्दा लैससास कार्यान्वयन तहमा जोखिम आउन सक्छ ।

### १३.१ संभाव्य जोखिम

लैससास रणनिति कार्यान्वयनमा निम्नुसार जोखिम आउन सक्ने अवस्था रहेको छ।

- कर्मचारीमा लैससास सम्बन्धि आवश्यक क्षमताको अभाव हुदा यसको कार्यान्वयनमा अन्यौता आउन सक्छ ।
- भौतिक विकासलाइ मात्रै विकास मानिने प्रचलनले यस्ता कार्यक्रमको लागि बजेट विनियोजन गर्न नचाहाने प्रवृति रहदा कार्यक्रम र क्रियाकलापहरु न्यून बजेट विनियोजन हुने सम्भावना हुन सक्छ ।
- कार्यपालीका प्रतिनिधित्व गरेका महिला तथा दलितहरुले शसक्त रुपमा कार्यान्वय आवज नउठाउदा यसको प्रभावकारी कार्यान्वय नहुन सक्छ ।
- पितृसत्तात्मक सोच हावी रहेको सन्र्दभमा लैङ्गिक समानता रणनितिले महिला तथा बालबालिका र गरिबलाइ मात्र प्राथामिकता राख्छ भन्ने भ्रमपुर्ण बुझाइको कारण रणनिति कार्यान्वयन गतिरोध आउन सक्छ
- स्रोत साधनको सिमितताले पनि कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था आउन सक्छ
- सबै क्षेत्रमा लक्षित वर्गको सहभागिता नहुदा गरिएको लैससासको अनुगमन तथा मूल्यांकनको नतिजा प्रभावकारी नहुन सक्छ ।

### १३.२ जोखिम न्यूनिकरणको लागि ध्यान दिनुपर्ने कुराहरु

- रणनिति योजना समावेश भएका क्रियाकलापहरुलाइ तहगत रुपमा वर्गिकरण गरि प्रथम वर्षमा के गर्ने, दोस्रो वर्षमा के गर्ने र तेस्रो वा अन्तिम वर्षमा के गर्ने भनि प्राथामिकिकरण गर्ने
- लैससासमा काम गर्ने सम्पूण निकाय र संस्थाहरु विच साझा बुझाइ कायम गर्ने
- लैससास कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने
- कार्यक्रम सञ्चालनको लागि आवश्यक अनुसार विभिन्न निकाय, संस्थाहरुसगँ समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने

## निश्कर्ष

आदर्श कोतवाल गाउँपालिका लैङ्गिक तथा सामाजिक समावेशीकरणको कार्यक्रमहरु सन्तोषजनक रुपमा अगाडि बढेको देखिदैन । पालिकाका कार्यसमितिमा समावेश भएका सदस्यहरुले पनि आप्नो विचारहरु स्पष्ट रुपमा राख्न सकिरहेका छन् । लैससास सम्बन्धि विषयत ज्ञानको अभाव हुदा पालिकाको निति तथा कार्यक्रममा यस्ता विषय खासै समेटेको देखिदैन । पालिकामा लक्षित वर्ग प्रति गरिने व्यवहार परम्परागत सोचबाट अभिप्रेरित भएको देखिन्छ । कर्मचारी तहमा पनि विषयगत क्षमताको कमिले यस्ता विषयहरुलाइ उजागर गरिएको देखिदैन । समग्ररुपमा हेर्दा यो पालिका लैससासको दृष्टिले अत्यन्त नै पिछडिएको देखिन्छ । वर्तमान पदाधिकारीहरुको यस विषय योजना बनाइ काम गर्ने प्रतिवद्धताले भने सम्भावना पाटोलाइ खुल्ला राखेको छ ।